## वैदेशिक रोजगार बोर्ड अन्तर्गतका समिति (गठन तथा सञ्चालन) मापदण्ड, २०८१

बोर्डबाट स्वीकृत मितिः २०८१/०८/२५

<u>प्रस्तावनाः</u> वैदेशिक रोजगार ऐन, २०६४ वैदेशिक रोजगार नियमावली २०६४ वैदेशिक रोजगार प्रवर्द्धन बोर्डको कार्यसञ्चालन निर्देशिका, २०६८ एवं प्रचलित कानूनमा वैदेशिक रोजगार बोर्डलाई प्रदत्त काम, कर्तव्य र अधिकारहरुलाई बोर्ड सदस्यहरु सहभागी हुने गरि समितिको कार्यविभाजन गर्न र समितिलाई थप प्रभावकारी बनाउन बोर्डको २०८१/०८/२५ गतेको ८९ औं बैठकले यो मापदण्ड बनाई लागु गरेको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः-** (१) यो मापदण्डको नाम "वैदेशिक रोजगार बोर्ड अन्तर्गतका समिति (गठन तथा सञ्चलान) सम्बन्धी मापदण्ड, २०८१" रहेको छ।

(२) यो मापदण्ड बोर्डको आन्तरिक प्रयोजनका लागि तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः-** विषय वा प्रसंगले यस अर्को अर्थ नलागेमा यो मापदण्डमा, -

(क) "ऐन" भन्नाले वैदेशिक रोजगार ऐन, २०६४ सम्झनु पर्छ।

(ख) "नियमावली" भन्नाले वैदेशिक रोजगार नियमावली, २०६४ सम्झनु पर्छ।

(ग) "निर्देशिका" भन्नाले वैदेशिक रोजगार प्रबर्द्धन बोर्डको कार्य सञ्चालन निर्देशिका, २०६८ सम्झनु पर्छ।

(घ) "बोर्ड" भन्नाले ऐनको दफा ३८ बमोजिम गठित वैदेशिक रोजगार बोर्ड सम्झनु पर्छ।

(ङ) "सचिवालय" भन्नाले बोर्डको सचिवालय सम्झनु पर्छ।

(च) "अध्यक्ष" भन्नाले बोर्डको अध्यक्ष सम्झनु पर्छ।

(छ) "समिति" भन्नाले भन्नाले दफा ३ बमोजिम गठित विषयगत समिति सम्झनु पर्छ।

३. <u>समितिको संख्या र सदस्य सम्बन्धी व्यवस्थाः</u> (१) यस मापदण्ड बमोजिम बोर्डलाई सहयोग र सहजीकरण गर्न बोर्ड अन्तर्गत रही कार्य सम्पादन गर्ने गरी देहाय बमोजिमका विषयगत समिति रहने छन्।

(क) नीति, कानून, एवं व्यवस्थापकीय समिति,

कार्यकारी निर्देशक

मुकुन्द प्रसाद निरौला
सचिव

शरत सिंह भण्डारी
मन्त्री

(ख) तालिम तथा अध्ययन अनुसन्धान समिति,

(ग) कल्याणकारी कार्य व्यवस्थापन समिति।

(२) उपदफा (१) बमोजिमको समितिमा बोर्ड सदस्यहरु मध्येबाट विषय विज्ञताको आधारमा बोर्डले तोकेको एकजना संयोजक सहित बढीमा सात जना सदस्य रहने छन्। समितिको सचिवको रुपमा बोर्ड सचिवालयको सम्बन्धित शाखाको प्रमुख वा कार्यकारी निर्देशकले तोकेको अधिकृतले रहनेछ।

(३) समितिको कार्यक्षेत्र अनुसुची- १ मा उल्लेख भए बमोजिम हुनेछ।

४. <u>समितिको काम, कर्तव्य र अधिकारः-</u> (१) प्रत्येक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछन्।

(क) ऐन, नियमावली, एवं निर्देशिकाद्वारा बोर्डलाई प्रदत्त काम, कर्तव्य र अधिकार मध्ये आफ्नो समितिलाई यस मापदण्ड बमोजिम तोकेको कार्यक्षेत्रको विषयमा समितिमा छलफल गरी निर्णयको लागि अध्यक्ष मार्फत बोर्डमा पेश गर्ने,

(ख) नीतिगत रुपमा बोर्डबाट निर्णय गर्नुपर्ने सचिवालयले समितिमा पेश गरेका विषयहरु समितिमा छलफल गरी राय परामर्श दिने,

(ग) आफ्नो कार्यक्षेत्रसँग सम्बन्धित विषयमा बजेट पूर्व, बजेट तर्जुमा एवं कार्यान्वयनको समयमा सहयोग गर्नुका साथै सचिवालय एवं बोर्डलाई आवश्यक सुझाव उपलब्ध गराउने,

(घ) आफ्नो कार्यक्षेत्रसँग सम्बन्धित योजना तथा कार्यक्रमहरुको कार्यान्वयनमा सचिवालयलाई सहयोग गर्नुका साथै अनुगमन मुल्यांकन गर्ने गराउने,

(ङ) समितिको बैठकमा सम्बन्धित विषयका विज्ञलाई आमन्त्रण गरी राय सुझाव लिन र आफूहरु मध्ये वा अन्य पदाधिकारीहरु संलग्न गरी उपसमिति गठन गरी कार्य सम्पादन गर्न सक्ने,

(च) बोर्डले तोकेका वा बोर्डमा पेश भएका एजेण्डामा थप छलफल गर्न बोर्डले पठाएका विषयमा आवश्यक परामर्श र छलफल गरी सुझाव सहित अध्यक्ष मार्फत बोर्डमा पेश गर्ने।

(२) समितले आवश्यक देखेका कुनै पनि विषय छलफलका लागि बोर्डमा सिधै पेश गर्न सक्नेछ।

५. <u>बैठक सञ्चालन तथा खर्च सम्बन्धी ब्यवस्थाः-</u> समितिको बैठक सञ्चालन तथा खर्च सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछन् –

कार्यकारी निर्देशक

मुकुन्द प्रसाद निरौला
सचिव

शरत सिंह भण्डारी
मन्त्री

(क) समितिको बैठक सचिवालय वा संयोजकले तोकेको स्थानमा आवश्यकता अनुसार बस्नेछ। बैठकको अध्यक्षता संयोजकले गर्नेछ। बैठकको निर्णय प्रमाणीकरण संयोजक र सचिवको संयुक्त दस्तखतबाट हुनेछ।

(ख) बैठक बस्नुपर्दाको अवस्थामा संयोजक, सदस्य, सचिव र आमन्त्रित सदस्यले नेपाल सरकारको मापदण्ड बमोजिम मासिक अधिकतम् तीन वटा बैठकको बैठक भत्ता र खाजाको व्यवस्था गर्न सकिनेछ।

(ग) बैठकको गणपूरक संख्या पचास प्रतिशत हुनेछ। बैठकको निर्णय सर्वसम्मतको आधारमा गर्नुपर्नेछ। सर्वसम्मत हुन नसकेमा मात्र वहुमतका आधारमा निर्णय गर्नुपर्नेछ।

६. <u>विविधः-</u> (१) यो मापदण्डका कुनै दफाको ब्याख्या गर्नुपरेमा वा कुनै संसोधन गर्नुपरेमा बोर्डले संसोधन गर्न सक्नेछ।

(२) समितिले गरेका कुनै पनि निर्णय बोर्डबाट स्वीकृत भए पश्चात लागु हुनेछन्।

कार्यकारी निर्देशक

मुकुन्द प्रसाद निरौला
सचिव

शरत सिंह भण्डारी
मन्त्री

अनुसूची- १

दफा ३ को उपदफा (३) संग सम्बन्धित

## १. नीति, कानून,एवं व्यवस्थापकीय समिति

कार्यक्षेत्रः

यस समितिले बोर्डको बैठक, बोर्डको नीतिगत तथा कानून सम्बन्धी विषय,अन्तरनिकाय (स्वदेश तथा विदेश) समन्वय, बोर्ड सचिवालयको प्रशासन, योजना तथा अनुगमन शाखा र लेखा शाखाले सम्पादन गर्ने कार्यहरुको सम्पूर्ण विषय,बोर्डको सम्पत्ति तथा जिन्सी व्यवस्थापन सम्बन्धी विषयहरुका सम्बन्धमा बोर्डले आफूलाई तोकिएका कार्यहरु गर्नेछ। सो कार्यहरुलाई वैदेशिक रोजगार ऐन, २०६४, नियमावली एवं कार्यसञ्चालन निर्देशिका, २०६८ मा उल्लेख भए बमोजिम यस समितिको कार्यक्षेत्र हुनेगरी निम्नानुसार विभाजन गरिएको छ।

१. ऐनको दफा ३९ मा तोकिएका मध्ये देहायका विषयहरुः

- (च) विभिन्न मुलुकसँग गरिने श्रम सम्झौता सम्बन्धी आवश्यक कार्य गर्नेः
- (झ) वैदेशिक रोजगार व्यवसायलाई सुरक्षित, व्यवस्थित र मर्यादित बनाउन तथा वैदेशिक रोजगारमा जाने कामदार र वैदेशिक रोजगार व्यवसायीको हकहितको संरक्षण गर्ने सम्बन्धमा अवलम्बन गर्नुपर्ने अल्पकालीन र दीर्घकालीन नीति तर्जुमा सम्बन्धी विषय,
- (ञ) वैदेशिक रोजगार ऐनको कार्यान्वयन सम्बन्धमा समष्टिगत रुपमा अध्ययन गरी नेपाल सरकारलाई सुझाव दिने विषय,
- (ट) वैदेशिक रोजगार सम्बन्धी कानूनको पुनरावलोकन गर्नुपर्ने देखिएमा सोको पुनरावलोकन गरी आवश्यक सुधारको लागि सुझाव दिने विषय,
- (ठ) सेवा शुल्क तथा प्रवर्द्धन खर्च निर्धारण गर्ने सम्बन्धमा परामर्श,
- (ढ) वैदेशिक रोजगार सम्बन्धी कानून विपरित कुनै काम कारबाही कसैबाट भए गरेको पाइएमा आवश्यक कारबाहीको लागि सम्बन्धित निकायमा लेखी पठाउने विषय,
- (ण) वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न इजाजतपत्र प्राप्त संस्थाको अनुगमन गर्ने विषय,
- (थ) (ण) र (त) बमोजिम अनुगमन गर्दा वा गराउँदा कसैबाट यस ऐन वा यस ऐन अन्तर्गत बनेको नियम विपरीत कुनै काम भएको पाइएमा आवश्यक कारबाहीको लागि सम्बन्धित निकायमा लेखी पठाउने विषय,

कार्यकारी निर्देशक

मुकुन्द प्रसाद निरौला
सचिव

शरत सिंह भण्डारी
मन्त्री

२. नियमावलीको नियम २६ कोषको प्रयोग सम्बन्धमा प्रदत्त कार्यहरु मध्ये देहायका कार्य गर्नेः

- (ट) नियम ४३क. बमोजिम करारमा नियुक्त भएको कर्मचारीको लागि आवश्यक पर्ने पारिश्रमिक तथा सुविधा वापतको रकम भुक्तानी गर्न,
- (ठ) बोर्डको दैनिक कार्य सञ्चालन गर्न,
- (ड) श्रम सम्झौता तयारी सम्बन्धी कार्य गर्न,

३. <u>प्रचार प्रसार एवं गुनासो सुनुवाईः</u>

- दफा ३९ (ख) वैदेशिक रोजगार प्रवर्द्धनको लागि सूचना सङ्कलन, प्रशोधन र प्रकाशन,
- दफा ३९ (द) बोर्डले सञ्चालन गरेको कार्यहरुको वार्षिक प्रतिवेदन नेपाल सरकार एवं अन्य निकाय समक्ष पेश गर्ने विषय।
- दफा ३३(१)ख२ बमोजिम वैदेशिक रोजगारमा जाने कामदारको अधिकार र सम्भावित जोखिमको बारेमा प्रचार प्रसार।
- दफा ३३(१) ङ बमोजिम वैदेशिक रोजगार प्रवर्द्धन सम्बन्धी कार्य,
- नियमावलीको नियम २६ कोषको प्रयोग सम्बन्धमा प्रदत्त कार्यहरु मध्ये देहायका कार्य गर्नेः
- (छ) कुनै कानूनी कारबाहीमा परेका वा कुनै अभियोग लागेका वैदेशिक रोजगारमा गएका कामदारका निमित्त सम्बन्धित देशमा कानूनी सहायता गर्न,
- (त) वैदेशिक रोजगार सम्बन्धी नीतिगत तथा कानूनी सुधारका कार्य गर्न,
- ४) वैदेशिक रोजगार सम्बन्धी जनचेतनामूलक कार्यक्रमको सञ्चालन,
- (५) वैदेशिक रोजगार सम्बन्धी सूचना केन्द्रको स्थापना तथा सञ्चालन ।
- दफा ५ उपदफा १० बमोजिमको नीतिगत र कानूनी सुधारका कार्य
- उपदफा ११ दिवस, पुरस्कार तथा अन्य कार्य

४. निर्देशिका बमोजिम बोर्डले गर्ने कार्यहरु मध्ये देहायका कार्यहरु सम्पादन गर्ने/गराउनेः

- दफा ५ को उपदफा ७ जनचेतनामूलक कार्यक्रम
- दफा ५ को उपदफा ८ वैदेशिक रोजगार प्रवर्द्धन कार्यक्रम

५. यस मापदण्ड बमोजिम अन्य समितिलाई नतोकेको तर कानून बमोजिम बोर्डलाई तोकेको विषय।

कार्यकारी निर्देशक

मुकुन्द प्रसाद निरौला
सचिव

शरत सिंह भण्डारी
मन्त्री

## २. तालिम तथा अध्ययन अनुसन्धान समिति

कार्यक्षेत्रः

बोर्डको कार्यक्षेत्रभित्र पर्ने विभिन्न सीपमूलक तालिम तथा सोसँग सम्बन्धित विषय, बोर्ड सचिवालयको प्रशिक्षण तथा अध्ययन अनुसन्धान शाखाले सम्पादन गर्ने सम्पूर्ण कार्यहरुसँग सम्बन्धित विषय र बोर्डले आफूलाई तोकिएका कार्यहरु गर्नेछ। सो कार्यहरुलाई वैदेशिक रोजगार ऐन, २०६४, नियमावली एवं कार्यसञ्चालन निर्देशिका, २०६८ मा उल्लेख भए बमोजिम यस समितिको कार्यक्षेत्र हुनेगरी निम्नानुसार विभाजन गरिएको छ।

१. ऐनको दफा ३३ बमोजिम निम्न विषयहरुः
   - उपदफा १ (क) वैदेशिक रोजगारमा जाने कामदारलाई सीपमूलक तालीम प्रदान सम्बन्धी विषय,
   - उपदफा १ (ग) वैदेशिक रोजगारबाट फर्केका कामदारको लागि रोजगारमूलक कार्यक्रम सञ्चालन समबन्धी विषय,

२. ऐनको दफा ३९ बमोजिम निम्न विषयहरुः
   - अन्तर्राष्ट्रिय श्रम बजारको अध्ययन गर्ने गराउने र नयाँ अन्तर्राष्ट्रिय श्रम बजारको खोजी गर्ने गराउने,
   - (ङ) बिदेशबाट फर्की आएका कामदारको सीप, पूँजी र निजले सिकेको प्रविधि उपयोग गरी राष्ट्र हितमा लगाउने कार्यक्रम तर्जुमा, कार्यान्वयन, अनुगमन र मुल्याङ्कन सम्बन्धी विषय
   - (छ) वैदेशिक रोजगार अभिमूखीकरण तालीम दिने संस्था दर्ता गर्ने योग्यता तोक्ने सम्बन्धी,
   - (ज) वैदेशिक रोजगार अभिमूखीकरण तालीमको पाठ्यक्रम तर्जुमा र स्वीकृत गर्ने विषय
   - (त) अभिमूखीकरण तालीम दिन र सीपमूलक तालीम दिन अनुमतिपत्र वा इजाजतपत्रप्राप्त संस्था संस्थाको अनुगमन गर्ने विषय।

३. नियमावलीको नियम २६ कोषको प्रयोग सम्बन्धमा प्रदत्त कार्यहरु मध्ये देहायका कार्य गर्नेः
   - (च) वैदेशिक रोजगारमा छनौट भएका महिलाले अभिमुखीकरण तालीम लिंदा तिरेको शुल्क सोधभर्ना गर्न,
   - (ढ) वैदेशिक रोजगारमा गएका कामदारको स्थिति अध्ययन गर्न,
   - (ण) वैदेशिक रोजगार सम्बन्धी अभिमूखीकरण तालीम कार्यक्रम सञ्चालन गर्न,

४. निर्देशिका बमोजिम बोर्डले गर्ने कार्यहरुमध्ये देहायका कार्यहरु सम्पादन गर्ने/गराउनेः
   - दफा ५ को उपदफा १ को सीपमूलक तालीम,
   - दफा ५ को उपदफा २ को रोजगारमूलक कार्यक्रम,

कार्यकारी निर्देशक

मुकुन्द प्रसाद निरौला
सचिव

शरत सिंह भण्डारी
मन्त्री

- दफा ५ को उपदफा ३ को अभिमूखीकरण तालीम कार्यक्रम

५. यस समितिले गर्ने भनी बोर्डले तोकेका एवं सचिवालयले निकासका लागि पेश गरेका अन्य विषयहरु।

## ३. कल्याणकारी कार्य व्यवस्थापन समिति

कार्यक्षेत्रः

वैदेशिक रोजगार कल्याणकारी कार्य सम्बन्धी विषयहरु, कामदारको स्वास्थ्य सम्बन्धी विषयहरु, बोर्ड सचिवालयको कल्याण, पुनर्स्थापना, पुनर्एकीकरण तथा सञ्चार शाखाले सम्पादन गर्ने सम्पूर्ण विषयहरु सम्बन्धी विषयहरुका सम्बन्धमा बोर्डले आफूलाई तोकिएका कार्यहरु गर्नेछ। सो कार्यहरुलाई वैदेशिक रोजगार ऐन, २०६४, नियमावली एवं कार्यसञ्चालन निर्देशिका, २०६८ मा उल्लेख भए बमोजिम यस समितिको कार्यक्षेत्र हुनेगरी निम्नानुसार विभाजन गरिएको छ।

१. ऐनको दफा

- ३३(१)ख बमोजिम कामदारको अङ्गभङ्ग भई वा कामदारलाई स्वदेश फिर्ता गराउन, क्षतिपूर्ति दिन र त्यसरी फिर्ता आएका कामदार वा निजको परिवारलाई आर्थिक सहयोग प्रदान, एवं दफा ३३(१)ख बमोजिम फौजदारी कसूरको अभियोग लागेको कसूरदारको प्रतिरक्षा तथा बहस पैरवी सम्बन्धी कार्य,
- दफा ३३(१) घ बमोजिम वैदेशिक रोजगारका लागि विदेश गएको अवस्थामा कामदारको मृत्यु भै शव अलपत्र परी नेपाल ल्याउन र निजको परिवारलाई आर्थिक सहयोग प्रदान गर्ने विषय।
- ऐनको दफा ३९(ग) बैदेशिक रोजगार कल्याणकारी कोषको परिचालन गर्ने गराउने

२. नियमावली र कार्यसञ्चालन निर्देशिकामा आर्थिक सहायता, क्षतिपूर्ति तथा कल्याणकारी कार्य उल्लेख भएका विषयहरु।

३. नियमावलीको नियम २६ कोषको प्रयोग सम्बन्धमा प्रदत्त कार्यहरु मध्ये देहायका कार्य गर्नेः

- (ख) वैदेशिक रोजगारमा गएका कामदारको परिवारको स्वास्थ्य उपचारमा सहयोग गर्न,
- (ग) वैदेशिक रोजगारमा गएका महिला कामदारको बालबच्चाको उचित संरक्षणका लागि शिशु स्याहार केन्द्र स्थापना र सञ्चालन गर्न,

कार्यकारी निर्देशक

मुकुन्द प्रसाद निरौला
सचिव

शरत सिंह भण्डारी
मन्त्री

- (क) वैदेशिक रोजगारमा गएका तथा वैदेशिक रोजगारबाट फर्की आएका कामदारको परिवारको स्वास्थ्य उपचारमा सहयोग गर्ने
- (घ) रोजगारी गुमाई अलपत्र परेका वैदेशिक रोजगारमा गएका कामदारलाई उद्धार गरी सुरक्षित राखको लागि सुरक्षित गृह सञ्चालन गर्न,
- (ङ) दुर्घटना वा बिरामी परी वा अन्य कुनै कारणले अलपत्र परी करार अवधि पूरा गर्न नसकी स्वदेश फर्किएका वैदेशिक रोजगारमा गएका कामदारको लागि पुनः एकीकरण तथा पुनर्स्थापना कार्यक्रम सञ्चालन गर्न,
- (ज) करार अवधि समाप्त भएको कुनै वैदेशिक रोजगारमा गएको कामदारको मृत्यु भई शव अलपत्र परेमा त्यस्तो शव नेपाल ल्याउन,
- (झ) कानूनी सजाय पाएको, दुर्घटनामा परेको वा बिरामी भएको कारणले आर्थिक अभाव भई स्वदेश फिर्ता हुन नसकी अलपत्र परेको वा कुनै कारणले स्वदेश फिर्ता गर्नु पर्ने ठहरिएको र करार अवधि समाप्त भएको दुई वर्ष ननाघेको वैदेशिक रोजगारमा गएको कामदारलाई स्वदेश ल्याउन,
- (ञ) वैदेशिक रोजगारमा गएको कुनै कामदारको करार अवधिभित्र उपचारको क्रममा स्वदेश वा विदेशमा मृत्यु भएमा त्यस्तो मृतकको परिवारलाई आर्थिक सहायता उपलब्ध गराउन,

६. निर्देशिका बमोजिम बोर्डले गर्ने कार्यहरु मध्ये देहायका कार्यहरु सम्पादन गर्ने/गराउनेः

- दफा ५ को उपदफा ४ को शैक्षिक विकास कार्यक्रम
- दफा ५ को उपदफा ६ शिशु स्याहार केन्द्र सञ्चालन
- उपदफा ९ को स्वदेश फर्किएका कामदारलाई पनुर्एकीकरण तथा पुर्नस्थापना कार्यक्रम
- दफा ६ देखि १० सम्मका कल्याणकारी कार्यहरु

७. यस समितिले गर्ने भनी बोर्डले तोकेका एवं सचिवालयले निकासका लागि पेश गरेका अन्य विषयहरु।

समाप्त

कार्यकारी निर्देशक

मुकुन्द प्रसाद निरौला
सचिव

शरत सिंह भण्डारी
मन्त्री